Civil Society Alliance for Nutrition, Nepal (CSANN)
पोषणका लागि नागरिक समाज सञ्जाल, नेपाल (सिसान)
Scaling Up NUTRITION

नेपालीमा पहिलो संस्करण | बुलेटिन | २०७२ भाद्र




# पोषणका लागि नागरिक समाज सञ्जाल, नेपाल (सिसान) के हो ?

पोषणका लागि नागरिक समाज सञ्जाल, नेपाल (सिसान), पोषणको क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जिल्ला तथा राष्ट्रिय तहमा योगदान पुर्याउदै आइरहेका नागरिक समाज संस्थानहरुको सञ्जाल हो । यो सञ्जाल पोषण स्तरोन्नती (SUN) अभियानमा सहयोग पुऱ्याउन २६ मार्च सन् २०१४ मा संगठित रुपमा स्थापना भएको हो । महिलाको गर्भावस्थाको सुरुवात देखि बालबालिकाको दोस्रो जन्मदिन सम्मको सुनौलो १,००० दिनलाई सन पोषण स्तरोन्नती अभियानले मुख्य रुपमा केन्द्रित गरेको छ । यो अवधिलाई “सुनौलो १,००० दिन” वा “अवसरको झ्याल” पनि भन्ने गरिन्छ । यस सञ्जाल अन्तर्गत समुदायमा केन्द्रित पोषणका कार्यक्रमहरु लागु गर्नुको साथ साथै, यस सँग सम्बन्धित अन्य क्षेत्रहरु जस्तै पोषण, सरसफाई र स्वास्थ, जीवीकोपार्जन, शिक्षा, ग्रामीण विकाश र स्थानिय विकाशका कामहरु समेत गर्ने संघ संस्थाहरु पर्दछन् । सिसानको जिल्लाका इकाई पाँच जिल्ला (कपिलवस्तु, अछाम, बाजुरा, जुम्ला र सप्तरी) हरुमा छन् जसमध्ये अघिल्ला चार जिल्लाहरुमा बहु क्षेत्रीय पोषण योजना लागु गरिएको छ । सिसानको केन्द्रिय तथा जिल्ला स्तरिय इकाईहरुमा स्वास्थ्य तथा पोषण विशेष र पोषण सम्बेदनशिल क्षेत्रमा कार्य गर्ने संस्थाका साथसाथै अध्ययन संस्थान र सञ्चार माध्यमहरु पनि आवद्ध भएका छन् । हाल सम्म १०० भन्दा बढि विभिन्न राष्ट्रिय र स्थानिय तहका संघ-संस्था, सञ्चारमाध्यम र संगठनहरु सिसानमा आवद्ध भएका छन् ।

## सिसान अध्यक्षबाट सन्देश



स्वस्थ र उत्पादनशिल जिबनको आधार पोषण हो। १९९२ मा रोममा सम्पन्न भएको प्रथम विश्व पोषण सम्मेलनले पारित गरेका विभिन्न महत्वपूर्ण बुँदाहरु मध्ये एउटा बुँदामा विश्वमा भोकमरी र कुपोषण कहिलै स्विकार्य हुन सक्दैन किनकी यसले मानिसको ज्ञान र श्रोतलाई सखाप पारिदिन्छ भनि उल्लेख गरेको छ। २०१४ को दोश्रो विश्व पोषण सम्मेलनले कुपोषणको समस्या अझै बिकराल रहेकोले अबका दसक सबै किसिमका कुपोषणको अन्त गर्ने अबसरहरु पहिल्याउने कुरामा जोड दिएको छ ॥ कुपोषणका परिणामहरु, गम्भीर, दूरगामी र अपूरणीय हुन्छन्। दीर्घ कुपोषण पाँचवर्ष मुनिका कम्तिमा पनि एक तिहाई बालबालिकाको मृत्युको लागि जिम्मेवार रहेको छ । यसबाट प्रभावित बालबालिकाहरु रोगबाट बढी संक्रमित तथा न्यून क्षमता युक्त हुन्छन् र परिणामस्वरुप उनीहरुको शैक्षिक विकाश, आर्थिक उत्पादकत्वमा प्रतिकुल असर पर्नुका साथै भावी जीवनमा बिभिद नसर्ने रोगहरुबाट ग्रसित हुने जोखिम बढ्न जान्छ।

कुपोषणको कारणबाट मुलुकले उच्च मूल्य चुकाउनुको साथै यसको उच्चदरका कारणे सामाजिक विकाशकालागि नेपालले व्यक्त गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु पूरा गर्ने कार्यमा पनि प्रतिकुल असर पार्दछ।

नेपालमा बहुक्षेत्रीय पोषण योजनाका साथै अन्य योजना र कार्यक्रमहरुद्वारा कुपोषणलाइ सम्बोधन गर्ने कोशिसमा जुटेको छ। यसमा सरकारी प्रयासमात्र यथेष्ठ नहुने हुनाले हामी नागरीक समाजपनि एकिकृत भइ कुपोषण अन्त गर्ने अभियानमा जुटेका छौ।

पोषणका सवाललाई प्राथमिकताका साथ उठान गरी केन्द्रदेखि गाउँघरसम्म यसबारे जनचेतना फैलाई पोषणलाई राष्ट्रिय सरोकारको विषय बनाउन हामी ऐक्यबद्ध भै लागेका छौं। यसमा सबैको सहयोग हाम्रो लागि उर्जा हुनेछ ।

## सिसानको उद्देश्य

- नेपालका नीति निर्माताहरुको ध्यानाकर्षण गर्न पोषण क्षेत्रमा कार्यरत नागरिक समाज र संगठनहरुको व्यापक र अर्थपूर्ण सहभागीताको सुनिश्चितता गर्ने ।
- विभिन्न क्षेत्रमा पोषण सम्बन्धि नागरिक सचेतनाका कार्यक्रमहरु गरी, लागत अभिविद्धि सुनिश्चितताद्धारा मानवको सामाजिक र आर्थिक विकाश गर्ने ।
- राष्ट्रिय नीति र कार्यक्रमहरुमा पोषण क्षेत्रले पाएको परिणामको वकालत गर्ने ।

## यस भित्र

- सिसानको क्रियाकलाप
- माननीय सभासदज्यूहरूबाट सन्देश
- सिसानको भावी कार्ययोजनाहरू













# सिसानका क्रियाकलापहरू

### १. पोषण क्षेत्रमा कार्य गर्ने संगठनको विस्तृत विवरण संकलन

सिसानले केन्द्रिय तथा जिल्ला इकाईहरुमा पोषण विशेष र पोषण सम्बेदनशिल का साथसाथै अध्ययन र सञ्चार क्षेत्रमा योगदान पुऱ्याउदै आइरहेका विभिन्न संस्थानहरुको विस्तृत तथ्याङ्क संकलन गरि नक्शाङ्कन दस्तावेज तयार पारेको छ ।

### २. सिसान कार्यकारी समितिको गठन

२६ मार्च २०१४ मा सिसान कार्यकारी समितिको गठन भएको थियो । यस सञ्जाल सदस्यता प्राप्त गैर सरकारी संघ/संगठनहरु सँग भएको सहभागितामुलक छलफल र लोकतान्त्रिक पद्दतिबाट, बहुक्षेत्रीय प्रतिनिधित्वको आधारमा ११ सदस्य सहितको कार्यकारी समितिको छनौट गरी गठन गरिएको हो । सिसान सञ्जाललाई केन्द्रमा मात्र नभई देशव्यापि रुपमा सक्रिय गराउने उद्देश्यले पोषणको क्षेत्रमा सम्बेदनशील मानिएका जिल्लाहरुलाई मध्यनजर गरी शाखा विस्तार कार्य लाई अगाडी बढाईएको छ । हालसम्म यसका जिल्ला शाखाहरु सप्तरी, कपिलवस्तु, अछाम, बाजुरा र जुम्लामा छन् ।

### ३. सन टेलि-कन्फरेन्स

सन टेलि-कन्फरेन्स सन सचिवालयको नियमित कार्यक्रम हो, सचिवालयले प्रत्येक ३ महिनामा सन सदस्य राष्ट्रहरु माझ टेली कन्फरेन्स सञ्चालन गर्दै आइरहेको छ । सन कोअर्डिनेटरले सहजिकरण गर्नु हुने यो कन्फरेन्समा सम्पूर्ण सदस्य राष्ट्रहरुले आ-आफ्नो देशको पोषण सम्बन्धी गतिविधिको बारेमा जानकारी गराउने गरिन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय योजना आयोग, राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालयले यस कार्यको समन्वय गर्ने गर्दछ । यस बाहेक विभिन्न मन्त्रालय, दातृ निकाय, शैक्षिक क्षेत्र र नागरिक समाजले पनि आफ्नो क्रियाकलापहरु बारे जानकारी दिने गरेका छन् ।

### ४. बहुक्षेत्रीय पोषण योजना समितिमा नागरिक समाजको सहभागिता

बहुक्षेत्रीय पोषण योजना कार्यक्रममा राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालयले ३ वटा कार्यगत समूहको निर्माण गरेको छ । उक्त ३ वटा कार्यगत समूह मध्ये ३ वटा समूहमा नागरिक समाजको उपस्थितिलाई सुनिश्चित गरिएको छ । बहुक्षेत्रीय वकालत र सञ्चार समूह र अनुगमन तथा मूल्यांकन समूहमा नागरिक समाजको सहभागितालाई सुनिश्चत गरिएको छ ।

### ५. वकालत र सञ्चार रणनीति विकाश कार्यशाला गोष्ठि

सन् २०१४ को मे महिनामा सिसानले दुई दिने "वकालत र सञ्चार रणनीति विकाश कार्यशाला" गोष्ठिको आयोजना गरेको थियो । उक्त कार्यशाला गोष्ठिमा राष्ट्रिय योजना आयोग, राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय र बाल स्वास्थ्य महाशाखाको सहभागीता रहेको थियो । कार्यशाला गोष्ठीलाई प्राविधिक र आर्थिक रुपमा सेभ द चिल्ड्रेनले सहयोग गरेको थियो भने सञ्चार क्षेत्रको पनि यसमा सहभागीता रहेको थियो । पोषणको क्षेत्रमा देखिएका प्रमुख सवाल र लक्षित समुहमा देखिएका सवाललाई पहिचान गरी राष्ट्रिय, जिल्ला र समुदाय/गाविस तहमा संचारको सन्देश द्वारा वकालत गर्न यस कार्यशालाले सहयोग गरेको छ ।

### ६. बहुक्षेत्रीय पोषण योजना र पोषण स्तरोन्नतीको बारेमा सिसानका सदस्यहरुलाई अभिमुखिकरण कार्यक्रम

नेपालमा बहुक्षेत्रीय पोषण योजना र पोषण स्तरोन्नतीको अवस्थाको बारेमा सिसानका सदस्य संस्थाहरुलाई अवगत गराउने मुख्य उद्देश्य राखी आयोजना गरिएको यस अभिमुखिकरण कार्यक्रमलाई राष्ट्रिय योजना आयोगका निर्देशक, राष्ट्रिय पोषण र खाद्य सुरक्षा सचिवालयका कार्यक्रम अधिकृत, सिसानका अध्यक्ष र कोषाध्यक्षले सहजिकरण गर्नुभएको थियो ।

सिसानले राष्ट्रिय योजना आयोग तथा राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालयको समन्वयमा सिसान जिल्ला इकाइ (बाजुरा, अछाम, जुम्ला र कपिलवस्तु) का सदस्य संस्थाहरुलाई बहुक्षेत्रीय पोषण योजना सम्बन्धि अभिमुखिकरण कार्यक्रमको आयोजना गरेको थियो ।

### ७. विद्यालयमा पत्रु खाना (Junk food) विरुद्धको अभियान

विद्यालय र स्वास्थ्य पोषण कार्यक्रम अन्तर्गत विद्यालयहरुमा पत्रु खाना विरुद्धको अभियान सञ्चालनमा ल्याईएको हो । विद्यालयका शिक्षक र विद्यार्थीहरुमा पत्रु खानाको बारेमा जनचेतना जगाई, त्यस्तो खानालाई विद्यालय परिसरमा ल्याउन बन्देज गर्दै, घरेलु खानाको प्रयोगलाई प्रोत्साहन गर्नु नै यस अभियानको मुख्य उद्देश्य रहेको थियो ।




Source: SUN Strategy Document




### ८. अस्पतालका कर्मचारीहरू सँग "स्तनपान सम्बन्धि नीति र आचार संहिता" विषयक अन्तरक्रिया कार्यक्रम

सिसानले स्तनपान सप्ताहको अवसरमा अस्पताल व्यवस्थापन र नर्सिङ कर्मचारीहरुसँग "स्तनपान सम्बन्धि नीति र आचार संहिता" विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ । बालबालिका मैत्रीपुर्ण अस्पतालको पहल गर्दै स्तनपानलाई बढावा दिनु र अस्पतालमा असामान्य परिस्थितिमा बाहेक अन्य प्याकेटको दुध तथा विषेश प्रकारको समिश्रणहरुलाई निरुत्साहित गर्नु नै यस अन्तरक्रिया कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

स्तनपान सप्ताह २०१५ मनाउने क्रममा सिसानले कान्ति बाल अस्पताल र परोपकार प्रसुति तथा स्त्रीरोग अस्पतालमा स्तनपानको महत्व र स्तनपान सम्बन्धी आचार सहींताको बारेमा छलफल कार्यक्रम चलाएको थियो । उक्त कार्यक्रममा सम्बन्धीत अस्पतालका निर्देशकज्यूहरु, चिकित्सक र स्टाफ नर्सहरु को सक्रिय सहभागिता थियो ।

### ९. नागरिक समाज संगठनहरुको क्षमता लेखाजोखा

सिसानले जिल्ला तथा राष्ट्रिय स्तरमा रहेका नागरिक समाज संस्थानहरुको नीतिगत वकालत, बजेट बिश्लेषण, अनुगमन र मुल्यांकन सम्बन्धि क्षमता लेखाजोखा गरेको छ । यसरी प्रथम चरणको विश्लेषणबाट आएको परिणामका आधारमा जिल्ला र राष्ट्रिय तहमा क्षमता अभिवृद्धिको कार्यहरु भइरहेका छन् ।

### १०. वकालत सन्देशको लागि कार्यशाला गोष्ठि

सिसानले "भोक र पोषण प्रतिबद्धता सुचि" (हयान्सि) सम्बन्धमा कार्यशाला गोष्ठिको आयोजना गरेको थियो । सिसान कार्यकारी समितिका सदस्य संस्थाहरु, साधारण सदस्य संस्थाहरु र संचार क्षेत्रको सहभागितामा आयोजना गरिएको उक्त गोष्ठिमा पोषणसँग सम्बन्धित मुख्य वकालतका सन्देशहरु बनाएको थियो ।

यी सन्देशहरुलाई सरकारी अधिकृतहरु समक्ष छलफल गरि आवश्यक पृष्ठपोषण लिइएको थियो।

### ११. माननीय सभासदज्यूहरु सँग अन्तरक्रिया कार्यक्रम

संसदीय समितिका सदस्यहरु बिच पोषणको बर्तमान अवस्थाको बारेमा अवगत गराउदै, विकाशको लागि पोषण एक महत्वपूर्ण मुद्दा हुने भन्दै राजनैतिक प्रतिबद्धता गराउने उद्देश्य राखी सिसानले माननीय सभासदज्यूहरुसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो । यस कार्यक्रमले संयुक्त प्रयासको वातावरण सृजना गर्न मद्दत गरेको छ ।

### १२. पोषण स्तरोन्नती (SUN) अभियान लागु गरिएका राष्ट्रमा अध्ययन भ्रमण

सिसानले पोषण स्तरोन्नति (SUN) अभियान लागु गरिएका राष्ट्रमा सिकाई र अनुभव आदानप्रदान भ्रमणको आयोजना गरेको थियो । कार्यकारी समितिका सदस्यहरुकोलागि आयोजना गरिएको यो भ्रमण सन कार्यक्रम सञ्चालित राष्ट्र बंगलादेशको ढाकामा भएको हो । यस भ्रमणले सन कार्यक्रम सञ्चालन भएका देशहरु बिच सिकाई र अनुभवहरु आदानप्रदान गर्दै चुनौतिहरुलाई सम्बोधन गर्न मद्दत गरेको थियो । त्यसैगरी बंगलादेशमा पोषण र खाद्य सुरक्षा अवस्था र यहाको नागरिक समाज सञ्जालले पोषणका सवालहरुलाई सम्बोधन गर्ने कार्यको बारे पनि अवगत गर्ने मौका पाएको थियो । यसै भ्रमणबाट पोषण स्तरोन्नति (SUN) अभियान लागु गरिएका राष्ट्रहरु बिच सहयोग र सहकार्यको पनि सुरुवात भएको छ ।

### १३. समिक्षा र कार्ययोजना विकाश कार्यशाला गोष्ठि

सिसानले आगामि दिनहरुको कार्यक्रम तर्जुमा गरी कार्ययोजना विकाश गर्ने उद्देश्य राखि आफ्ना केन्द्रिय तथा जिल्ला इकाईका सदस्य संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा समिक्षा गोष्ठिको आयोजना गरेको थियो । उक्त कार्यशाला गोष्ठिमा सिसानको स्थापना कालदेखि हाल सम्मको अवधिमा भएका चुनौति, सिकाई, सफल अभ्यास, कार्यशैली र श्रोत व्यवस्थापनका विषयमा गहन छलफल भएको थियो ।

### १४. पोषण क्षेत्रमा सञ्चारको भूमिका विषयक अन्तरक्रिया

पोषणको क्षेत्रमा सञ्चारको भूमिकाको विषयमा छलफल गर्ने उद्देश्य सहित सिसानले सञ्चार माध्यमका प्रतिनिधिहरुसंग अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो । उक्त कार्यक्रममा विभिन्न सञ्चार क्षेत्रबाट कुल ४० जनाको सहभागिता थियो। स्वास्थ्य सवाल बाहेक पोषणलाई राजनैतिक र विकाशको मुद्दाको रुपमा सम्बोधन गर्न संयुक्त प्रयासको बातावरण सृजना गराउनको लागि यो कार्यक्रमको आयोजना गरिएको हो । पोषणको स्तर र बहु क्षेत्रीय पोषण योजनालाई सुदृढ गर्न सञ्चार क्षेत्रहरुको भूमिका र सहयोगको विषयमा कार्यक्रममा छलफल भएको थियो ।

### १५. "बजेट विश्लेषण" र "अनुगमन र मुल्यांकन" विषयक तालिम

नीति निर्माण, त्यसको कार्यान्वयन र अनुगमनमा नागरिक समाज/संगठनहरुले प्रभाव पार्न सक्ने भएकाले उनिहरुको क्षमता अभिवृद्धि गराउने उद्देश्य राखी **बहुक्षेत्रीय पोषण योजनामा आधारीत रहेर सिसानले "बजेट विश्लेषण" र "अनुगमन र मुल्यांकन"** तालिमको आयोजना गरिएको थियो। यस तालिममा राष्ट्रिय योजना आयोग र राष्ट्रिय पोषण र खाद्य सुरक्षा सचिवालय को प्राविधिक सहयोग र सहकार्य रहेको थियो । राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. यज्ञ बहादुर कार्कीले अध्यक्षता गर्नुभएको यस कार्यक्रममा कृषि मन्त्रालयका बरिष्ठ कृषि अर्थशास्त्री नैना नेपाल ढकालले "कृषि क्षेत्रमा खाद्य तथा पोषण सुरक्षा" विषयमा प्रस्तुती दिनुभएको थियो । केन्द्र देखि जिल्ला तहमा बजेट प्रबाह कसरी हुन्छ भन्ने विषयमा ईश्वर राज पौडेलले प्रस्तुती दिनुभएको थियो । त्यसैगरी राष्ट्रिय योजना आयोगका डा. चन्द्रमणी अधिकारीले नेपालको विकाश, योजना र बजेट प्रणाली र प्रकृयाका बारेमा प्रस्तुती दिनुभएको थियो ।

## माननीय सभासदज्यूहरुबाट सन्देश



सुपोषित जनशक्तिहरु दिगो विकाशका पूर्वाधार हुन, अत: पोषण सबै क्षेत्रमा सरोकारको विषय हुनुपर्दछ । बहुक्षेत्रीय पोषण योजनालाई केन्द्रमा राखेर सबै निकायहरुले आफ्ना योजना र कार्यक्रमहरु बनाई लागु गर्नु पर्दछ ।

रामहरि सुवेदीज्यू
माननीय सभासद



पोषण स्तरोन्नतीकालागि राज्य, दात्री निकाय तथा अन्य संघसंस्थाहरुले गरेका प्रतिबद्धताहरु प्रति जिम्मेवार हुन जोड दिनु आवश्यक छ ।

राज्यलक्ष्मी श्रेष्ठ ज्यू
माननीय सभासद

## Regional Conference

CSANN is going to organize Ist SUN Asia Regional Conference on Nutrition (ARCON) which will be held in Kathmandu on February 2016. SUN CSO and Government representatives of the SUN movement Asian countries; Nepal, Vietnam, Srilanka, Bangladesh, India, Indonesia, Laos, Pakistan and Myanmar will be the participants of the conference. The major objective of the conference is to share country experiences and progress to scaling up nutrition and share challenges on progress and achievements in strengthening country capacity to deliver nutrition program. This SUN ARCON provides an opportunity for actors in the SUN Movement to contribute to strengthen national policy priorities for the coming decades. It is also an opportunity for participants to learn more about the progress and approach to scaling up nutrition in Asian SUN countries and how their support can accelerate progress.

## १६. सिसान टक सो

सिसानले **बहुक्षेत्रीय पोषण योजना र पोषण स्तरोन्नती** को विषयमा पोषण क्षेत्रका नीति निर्माता तथा विज्ञहरुसँग टक सो को आयोजना गरेको थियो । यसैगरी **विनाशकारी भूकम्प पश्चातको आपतकालिन समयमा पोषण** सम्बन्धि टक सो को आयोजना गरेको थियो । राष्ट्रिय योजना आयोगको प्रतिनिधित्व, पोषण शाखा प्रमुखज्यू, माननिय सभासदज्यू र नागरिक समाजको प्रतिनिधित्व रहेको उक्त कार्यक्रमहरु राष्ट्रिय प्रसारण च्यानल न्युज २४ बाट प्रसारण भएका छन्।

## १७. सिसानको वृत्तचित्र र घटना अध्ययन संकलन

सञ्चार माध्यमको सहयोगबाट बहुक्षेत्रीय पोषण योजना लागु गरिएका अछाम र कपिलबस्तु जिल्लाहरुबाट पोषणका मुद्दाहरु समावेश गरेर सिसानले २० मिनेटको वृतचित्र निर्माण गरेको छ । उक्त वृतचित्रमा त्यस जिल्लाका बालबालिकाहरुको पोषण अवस्थालाई देखाउन खोजिएको छ । साथै घटना अध्ययनहरु पनि संकलन भएका छन् ।

## १८. "बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन" सम्बन्धमा सार्वजनिक सुनवाई कार्यक्रम

राष्ट्रिय योजना आयोग, राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय र जिल्लाका सरकारी अधिकारीहरुको संयुक्त समन्वयमा कपिलबस्तु र राष्ट्रिय स्तरमा सार्वजनिक सुनवाई कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रमले सरकारी निकाय र नागरिक समाज प्रतिनिधिबिच खुला सम्बादको वातावरण सृजना गर्ने अवसरको सृजना गर्दै बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको बारेमा सुचना र हालको अवस्था दर्शाएर नागरिकहरुलाई सुचित गरी शसक्तिकरण गर्ने काम पनि गरेको छ ।

## १९. विनाशकारी भूकम्प पश्चातको आपतकालिन समयमा पोषण सम्बन्धि सचेतना अभियान

नेपालमा २०७२ वैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्पका कारण काठमाण्डौं उपत्यकाका तिनै शहर काठमाण्डौ, ललितपुर र भक्तपुरको अस्थायी शिविरमा बस्दै आएका गर्भवती, सुत्केरी र पाँच वर्ष भन्दा कम उमेरका बालबालिका तथा अन्य महिला पुरुषहरुलाई यस्तो संकटको बेला कोहि पनि न्यून पोषणको खतरामा नपरुन भन्नकालागी आफूसंग भएको खाद्यपदार्थबाट कसरी सजिलै पोषीलो, स्वादिलो र आकर्षक खाजा तयार पारी खान र खुवाउन सकिन्छ भन्ने कुराको जानकारी गराउन सिसानले स्वयंसेविहरु परीचालनगरी चेतना अभिबृद्धि गर्ने कामको अभियाननै संचालन गरेको थियो । यो अभियानको बेला सरल किसिमका रेसिपीहरु नेपालीमा तयारगरी बितरण समेत गरिएको थियो । यस बाहेक बालबालिकालाई बारम्बार खुवाइ रहनु पर्ने, गर्भवती/सुत्केरी र जेष्ठ नागरीकहरुको पोषण आवश्यकता तथा सरसफाइको महत्व बारेमापनि जानकारी दिइएको थियो । उक्त अभियानका बेला शिविरमा रहेका परिवारहरुलाइ पोषिलो खाजा सातु बितरण गरीएको थियो ।

## २०. पोषण वकालत सम्बन्धि तालिम

सिसानका (कपिलवस्तु र सप्तरी) जिल्ला इकाईका सदस्य संस्थाहरुको क्षेमता विकाश गर्ने र जिल्लाबाट पोषण सम्बन्धि मुद्दाहरु पत्ता लगाउने उद्देश्य राखी जिल्ला तहमा दुई दिने पोषण वकालत सम्बन्धि तालिम आयोजना गरेको थियो ।

## सिसान सदस्यता

सम्पूर्ण स्थानिय/राष्ट्रिय नागरिक समाज संगठन, समुदाय स्तरका संगठन, अन्तराष्ट्रिय गैर सरकारी संगठन र अन्य नाफा बिनाका संगठनहरु (जस्तै प्राज्ञिक संगठन, अनुसन्धान र पेशागत संघ संस्थान) लाई सिसानको सदस्यता लिन खुला गरिएको छ । सदस्यता प्राप्त सम्पूर्ण संस्था र संगठनहरुमा योगदानरुपि भुमिका निर्वाह गर्न समान हैसियत हुनेछ । सिसानको सदस्यता लिन निम्न मापदण्ड पुरा भएको हुनुपर्नेछ :

- पोषण सँग सम्बन्धित कार्यक्रममा योगदान दिएको
- बैधानिकता प्राप्त संगठन हुनुपर्ने (सञ्जालहरुमा यो नियम लागु हुनेछैन)
- संगठनहरु नेपालमा कार्यरत हुनुपर्नेछ ।
- संगठनलाई सदस्यता दिन सिसान कार्यकारी समितिले स्वीकृती दिनुपर्नेछ ।

## आगामि कार्यक्रमहरू

१. अछाम, बाजुरा र जुम्ला जिल्लाहरुमा "बहुक्षेत्रीय पोषण योजना कार्यक्रमको प्रभावकारी कार्यान्वयन" सम्बन्धमा सार्वजनिक सुनवाई कार्यक्रम
२. बहुक्षेत्रीय पोषण योजनासंग सम्बन्धित रहेर नीति वकालत सम्बन्धि तालिम
३. बहुक्षेत्रीय पोषण योजना लागु गरिएका जिल्लाहरुमा यस योजनाको कार्वानियन स्थितिको स्थलगत अध्ययन ।
४. क्षेत्रिय सम्मेलन
५. To prepare **Policy brief** for advocacy
६. Ombudsperson model

## सिसानका सदस्य संस्थाहरू

Education X Child Labour, ACF International, BHORE, CAFODAT College of Applied Food and Dairy Technology, care, Chhori Maiya Shrestha Memorial academy, welt hunger hilfe, Helen Keller International, HELVETAS Swiss Intercooperation Nepal, Indreni Rural Development Centre Nepal, LI-BIRD, NRCS, max Pro Delivering Change For Social Benefit, Micronutrient Initiative, MIRA, Meeting Point Communication with a difference, NNF 2011, CLC, Practical Action, RIDA Nepal, Rudra Bahadur Memorial Foundation 2014, SAADA-Nepal, SAIFRN, Save the Children, SC DC, Safe Motherhood Network Federation Nepal, SSDO, SWASH NEPAL स्वास, WaterAid, World Vision Child Health Now

CSANN
पोषणका लागि नागरिक समाज सञ्जाल, नेपाल (सिसान)
Civil Society Alliance for Nutrition, Nepal (CSANN)

थप जानकारीको लागि:
**नेपाल न्युट्रिसन फाउन्डेसन (एनएनएफ)**
थापाथली हाईट, काठमाडौं नेपाल

csannsecretariat@gmail.com
९७७-०१-४२२३४७७
www.csann.org.np
Civil Society Alliance for Nutrition, Nepal-CSANN
https://twitter.com/CSANNI

Print supported by:
Save the Children